# कालिञ्चोक गाउँपालिका


## सुनखानी, दोलखा

# वार्षिक बजेट, नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८२/८३

कालिञ्चोक गाउँपालिका

सुनखानी, दोलखा


SINDHUPALCHOK DISTRICT
बिगु गाउँपालिका
कालिञ्चोक
वडा नं. १
बाबरे
वडा नं. २
वडा नं. ६
लापिलाङ
वडा नं. ५
लामिडाँडा
वडा नं. ४
वडा नं. ३
वडा नं. ९
सुन्द्रावती
भिमेश्वर नगरपालिका
सुनखानी
वडा नं. ८
वडा नं. ७
गौरिशंकर गाउँपालिका

श्री गाउँसभाका सदस्य ज्यूहरु,
श्री राष्ट्रसेवक कर्मचारीहरु

नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय राष्ट्रहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदै समुन्त सङघीय शासन प्रणालीको माध्यमबाट न्याय पुर्ण विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यका यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ। यस घडीमा नेपाली जनताले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान, राष्ट्रहित, लोकतान्त्रिक र अग्रगामी परिवर्तनको लागि पटकपटक गरेका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायत विभिन्न आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका विषयहरुमा, दिगो विकासको लक्ष्य, न्युनतम साझा कार्यक्रम राजनितिक दलहरुका घोषणा पत्र सङ्घीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम राजनिति दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा कालिन्चोक गाउँपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेका छौ।

गाउँसभा सदस्यज्यूहरु,

**सूचना तथा प्रविधि**

१. सूचनामा पहुँच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसँग सम्बन्धित तालिम अभिमुखीकरण सञ्चालन गरिनेछ।
२. शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जनसांख्यिक डाटा संकलन गरि डाटा ब्याङ प्रणालि सञ्चालन गरिनेछ।
३. गाउँपालिकाको सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ। गाउँपालिकाको भौगोलिक सूचना प्रणाली अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याइनेछ।
४. स्थानीय रेडियोहरु अनलाइन लगायत संचारमाध्यमसँग सम्झौता गरी पालिकाका सम्पूर्ण गतिविधि जनतामा पुऱ्याउन रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।
५. गाउँपालिका स्तरमा रेडियो, पत्रपत्रिका, अनलाइन न्युजपोर्टल जस्ता सञ्चार माध्यम सञ्चालन गर्न प्रेरित गरिनेछ। त्यसरी पालिका स्तरबाट सञ्चालित हुने सञ्चार माध्यमको टिकाउ र सञ्चालनका निम्ती गाउँपालिकाले लगानी सहित सहकार्य गर्नेछ।

६. गाउँपालिका भरिका विद्यालय, स्वास्थ्यचौकी, वडा कार्यालय, सामुदायिक भवन लगायतका नागरिकको पहुँच रहने गरी फ्री वाईफाईको व्यवस्था गरिनेछ ।

७. गाउँपालिका भित्र रहेका मुख्य पर्यटकिय स्थल, भिडभाडहुने स्थान, सडक, वडा कार्यालयहरुमा CCTV जडान गरिनेछ।

८. गाउँपालिकाको डिजिटल प्रोफाइलको निर्माण गरिनेछ ।

९. गाउँपालिकालाइ डिजिटल पालिकाको रूपमा विकास गर्न सबैक्षेत्रमा सूचना प्रविधिलाई विस्तार गरी सूचना प्रविधिमा आधारित व्यावहारिक योजना र रणनीति बनाउने नीति लिइनेछ ।

**कृषि/पशु**

१०. गाउँपालिका भित्र विभिन्न अनुदानलाई निरूत्साहित गरी उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

११. चौंरीपालन तथा पशुपालन प्रवर्द्धन गर्न पशु चिकित्सक सेवा सहितको नश्ल सुधार, आहार व्यवस्थापन, खर्क सुधार, तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरि अनुगमन कार्यलाइ प्रभावकारी बनाइने छ ।

१२. कृषकको आम्दानी अभिवृद्धि गर्ने उद्देश्यले पशुपालन व्यवसायलाई व्यावसायिक र आधुनिक बनाइने छ।

१३. स्थानीय स्रोत, ज्ञान र सीपमा आधारित पशुपालन प्रवर्द्धन गरिनेछ।

१४. रोग नियन्त्रण तथा पशु स्वास्थ्य सेवा सुदृढ गरिनेछ।

१५. पशुपालनमा महिला, युवा र विपन्न समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

१६. वातावरणमैत्री, टिकाउ र समावेशी पशुपालन प्रणाली प्रवर्द्धन गरिने।

१७. दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न गाउँपालिका दुग्ध चिस्यान केन्द्रको स्थापना तथा संचालन गर्ने नीति लिइनेछ ।

१८. डेरीमा दुध विक्रीगर्ने किसानलाई प्रतिलिटर दुधमा तीन रुपैया अनुदानको व्यवस्था गरिनेछ ।

१९. व्यावसायिक पशुपालन तथा कृषि फार्म समुह सहकारी किसानलाइ सहकारी मार्फत स्वरोजगार कोषको साझेदारीमा सहुलियत ब्याजदरमा सुलभ कर्जा उपलब्ध गराइनेछ ।

२०. गाउँपालिका विभिन्न क्षेत्रमा कृषि तथा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२१. पशु स्वास्थ्य औषधोपचारलाई निशुल्क उपलब्ध गराइने छ । पशुमा लाग्ने खोरेत, पिपिआर र रेबीज रोग उन्मुलन गर्न निशुल्क खोप अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

२२. गाउँपालिका भित्र माटो परीक्षण शिविर सञ्चालन गरी किसानलाई स्वाइल हेल्थ कार्ड वितरण गरिनेछ । माटोको अवस्था सुधारका लागि आवश्यक कृषि सामग्रीहरुमा अनुदान प्रदान गरिनेछ ।माटोको अवस्थामा सुधार ल्याई कृषि उत्पादकत्व बढाउन आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।माटोको अवस्था सुधार गर्नका लागि गोठे मलको प्रयोग बढाउनुपर्ने तथ्यलाई आत्मसाथ गर्दै गाउँपालिकाभित्र भकारो सुधार कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

२३. कृषि क्षेत्रको चुनौतीको रुपमा रहेको रोग किराको बढ्दो प्रकोपलाई कम गर्न बाली संरक्षण शिविर सञ्चालन गरी किसानहरुको खेतबारीमा देखिएका रोग किराहरुको बारेमा किसानहरुलाई जानकारी गराउँदै तिनीहरुको उपचार गर्ने र बाली संरक्षणकामा किसान स्वयंलाई सक्षम बनाइनेछ ।मौसम अनुसार आकस्मिक प्रकोपका रुपमा देखा पर्ने रोग किरा व्यवस्थापनका लागि आकस्मिक कोषको व्यवस्थापन गरिनेछ ।

२४. रासायनिक विषादीको बढ्दै गएको प्रयोग र त्यसका जोखिमलाई कम गर्न जैविक विषादी बनाउन र प्रयोग गर्न किसानहरुलाई  प्रेरित गरिनेछ ।यसका लागि आवश्यक प्राविधिक सीप र प्रयोग विधि सम्बन्धमा प्राविधिक तालिम तथा अनुदानको व्यवस्था गरिनेछ ।रोग किराका व्यवस्थापनका विषादी वितरण गर्दा जैविक विषादीको वितरणलाई प्राथमिकता दिईनेछ ।

२५. गाउँपालिकाभित्र बाँझो जमिनको यकिन गर्न ,चक्लाबन्दी खेतीमा लगानी गर्न चाहने कृषि तथा पशुपन्छी फर्म,समूह ,सहकारीहरुलाई आवश्यक जमिनको प्रबन्ध गर्न कानूनी व्यवस्था गरिनेछ ।त्यस्तो खाली जमिनमा खेती गर्ने फर्म,समूह,सहकारीलाई प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।

२६. कृषिलाई आधुनिकीकरण गर्दै नयाँ पुस्तालाई कृषि व्यवसायमा प्रोत्साहित गर्न कृषि यान्त्रीकरण कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

२७. कृषि र वनलाई एक अर्कासँग जोड्दै दीगो पर्यावरणका लागि मौरी चरन क्षेत्र विस्तार गरिनेछ ।यसका लागि मौरी चरनका प्रबल मानिएका रुख,बोटविरुवा र कृषि बालीको खेती विस्तारमा प्रोत्साहन गरिनेछ ।

२८. गाउँपालिकाबाट प्रदान गरिने कृषि अनुदानका कार्यक्रमलाई वास्तविक किसानसँग पुर्याइ त्यसको दीगो उपयोग र प्रतिफलका लागि गाउँपालिकाको कृषि अनुदान कार्यविधिलाई आवश्यक संशोधन गरिनेछ ।अनुदान प्रदान गर्दा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिईनेछ ।कृषि उत्पादनको लगत राख्न प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ । उच्च मूल्य भएका कृषि उपज भण्डारण गरी उच्च मूल्य प्राप्त गर्न चिस्यान केन्द्र स्थापना गरिनेछ । अनुदान दिँदा दोहोरो अनुदानलाई निरुत्साहित गरिनेछ ।

२९. कृषि उपजको बजारीकरणका लागि हाट बजारको विस्तार गरिनेछ ।किसानको उत्पादित कृषि उपजलाई बजार सम्म पुर्याउन सञ्चालित कृषि भ्यानको प्रयोगलाई थप व्यवस्थित गर्न कानूनी व्यवस्था गरिनेछ ।

३०. कृषि क्षेत्रमा बढ्दो आयातित वर्णशंकर बिउ विजनको प्रयोगले हाम्रो खेती प्रणालीमा रोग किराको प्रकोप बढाएको  तथा माटोको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको तथ्यलाई गम्भीरताका साथ लिँदै मागमा आधारित उनन्त जातका बिउ विजनमा अनुदान दिईनेछ । यसका लागि गाउँपालिकालाई नेपाल सरकारको डेसिस)DESIS) प्रणालीमा आवद्ध गरिनेछ ।

३१. चक्लाबन्दीमा रैथाने बालीको खेतीलाई प्रोत्साहित गरिनेछ । गाउँपालिकालाई रैथाने बालीको बिउमा आत्मनिर्भर बनाईनेछ ।उत्पादित रैथाने बालीलाई कृषि उपज संकलन केन्द्रमा संकलन गरी लगत राख्ने,अनुदान प्रदान गर्ने र बजारीकरण गरिनेछ ।

३२. तरकारी,फलफूल,मसलाबाली र च्याउको क्षेत्र विस्तार गरी उत्पादन र उत्पादकत्व बढाउन पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।संघीय सरकार तथा प्रदेश सरकारबाट कृषि क्षेत्रको विकास र विस्तारका लागि स्थानीय सरकारसँग समन्वय र साझेदारमा सञ्चालन हुने कार्यक्रमहरुमा सक्रियताका साथ सहभागिता जनाइनेछ र त्ययता कार्यक्रमका लागि आवश्यक वित्तीय साझेदारीका लागि बजेट व्यवस्थापन गरिनेछ ।

३३. एक वडा एक कृषि उपज संकलन केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

३४. डिजिटल प्रविधि मार्फत कृषि तथ्याङ्क व्यवस्थापन गरी कृषिका योजना तर्जुमा गर्न गाउँपालिकाको कृषि प्रोफाइल निर्माण गरिनेछ ।किसान सूचीकरण तथा कृषि,पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरिनेछ ।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

३५. गाउँपालिका भित्रका कृषि फर्म,कृषि समूह तथा कृषि सहकारीहरुको क्षमता विकास गर्न वडास्तरीय तथा गाउँपालिका स्तरीय कृषि सञ्जाल निर्माण गरिनेछ ।संघ तथा प्रदेश सरकारका निकायबाट आव्हान भएका कार्यक्रमहरुमा गाउँपालिका भित्रका फर्म,समूह तथा सहकारीहरुलाई सहभागी हुन प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

३६. बीउ आलु उत्पादन कार्यक्रम मार्फत आलुको गुणस्तरीय बीउ उत्पादन,भण्डारण र बजारीकरण मार्फत आलु बालीको उत्पादकत्व बढाइने छ ।

३७. गाउँपालिकाले अगुवा कृषकहरुको लागि कम्तीमा बर्षमा एकपटक कृषक भ्रमण गराउने व्यवस्था मिलाईनेछ ।

३८. गाउँपालिका भित्रका उत्कृष्ठ किसानलाई उचित पुरस्कारको व्यवस्था गरिने छ ।

३९. दुध, दही तथा मोही जस्ता कृषि जन्य उत्पादनलाई प्रवर्धन गर्ने नीति लिइनेछ ।

४०. विषादिरहित तरकारी तथा फलफूल खेती कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

## रोजगार व्यवस्थापन शाखा

४१. रोजगार व्यवस्थापन सुचना प्रणाली )EMIS) मा सुचिकृत वेरोजगार मध्य प्राथमिकीकरणमा रहेकाका लागि राष्टिय रोजगार कार्यक्रम बाट उपलब्ध बजेट श्रोत बाट १०० दिनको रोजगारी उपलब्ध गराईने छ ।

४२. पालिका भित्रका वेरोजगार व्यक्तिहरुलाई रोजगारीको पहुँच र रोजगारदाताहरुलाई श्रमिकको उपलब्धता गराउनका लागि श्रम संसार )Shramsansar) जस्ता पोर्टलको प्रयोग गरी समन्वय गराइने छ ।

४३. वैदेशिक रोजगार वोर्डले वैदेशिक रोजगारीमा गएका व्यक्ति र परिवारका लागि दिदै आएको उद्धार तथा खोज तलास) स्व ,को व्यवस्था शववाहन वा गाडी,छात्रवृत्ति कार्यक्रम,तलव भत्ता तथा बिमा रकम,ास्थ्य उपचार अंग भंग र क्षतिपुर्ती , ,(मृत्यु)शव झिकाउनेलगायतका सेवाहरु प्रदान गर्नका लागि ( )FEWIMSमार्फत रोजगारसेवा केन्द्र बाट सहजीकरण ( गरिने छ ।

४४. वैदेशिक रोजगारी बाट फर्कियएका युवाहरुका लागि उध्यमशिलता तालिमको व्यवस्था मिलाउनुका साथै आवश्यक सीप विकास तालिमका लागि तालिम सेवा प्रदायक संस्थासँग समन्वय गरी सीपयुक्त जनशक्तितयार गरिने छ । ,

## सहकारी शाखा

४५. यस स्थानिय सरकारको नियमन क्षेत्र भित्र पर्ने सहकारी संस्थाहरूको नियमित र सघन अनगुमन गरी वित्तीय सुशासन कायम गरिनेछ ।

४६. सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मार्फत सहकारी क्षेत्रको तथ्याङ्क सङ्कलन एबम अद्यावधिक गरी पालिका भित्रका संस्थाहरुलाई व्यवस्थित गरिनेछ ।

४७. सहकारी संस्था मार्फत क्षमता विकास कार्यक्रम संचलान, प्रविधि हस्तान्तरणर कृषि सामाग्री तथा औजार वितरण गरिनेछ ।

४८. कार्यसम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्ट सहकारी/संस्थाहरुलाई पुरस्कृत गरिनेछ।

४९. सहकारीबाट ऋण लिई ऋण नतिर्ने ऋणीहरुलाई नियमानुसार कारवाही गरिने छ।

५०. साना किसान तथा बहुउद्देश्य सहकारीलाई सहुलियत कर्जा उपलब्ध गराउने र कृषकहरुलाई आय-आर्जनको व्यवस्था गरिनेछ।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## प्राविधिक शाखा

५१. यातायात गुरुयोजना तथा उपयोग योजना निर्माण गरी सडकको लगत कट्टा,जगको कित्ताकाटको लागि आगामी प्रकृया अगाडी बढाउने।

५२. खानेपानी सरसफाई गुरुयोजनाको तयारी गरी मुहानको सर्वेक्षण गर्ने, दिर्घकालीन खानेपानी आपूर्ति योजना निर्माण गरी कार्यन्वयन गर्ने प्रकृयालाई अगाडि बढाइनेछ।

५३. गाउँपालिका भित्रका सम्पूर्ण वडाहरको साँस्कृतिक, पर्यावरणीय तथा पर्यटकीय क्षेत्रको सम्र्बद्धन, प्रवर्द्धन गरी दिगो, वातावरण मैत्री पर्यटकीय पूर्वाधार विकास तथा पर्यटन सम्बन्धी तत्काली, अल्पकालीन तथा दीर्घकालीन योजना सहितको पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

५४. राष्ट्रीय भवन आचारसंहिता कार्यान्वयन कार्यक्रम मार्फत प्रचलित ऐन कानुन बमोजिम भवन निर्माण गरिनेछ।

५५. वातावरणमैत्री पूर्वाधार निर्माणको लागि कानूनले निर्दिष्ट गरे बमोजिम संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरिनेछ ।

५६. गाउँपालिकाका सवै वडाहरुमा सडकलाई आर.सी.सी. तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरमा दिइने छ ।

५७. भौतिक निर्माणको ठेक्का कार्यान्वयनको क्रममा निर्माण कार्यतालिकाको पालना गराइनेछ र सोको आधारमा भौतिक प्रगतिको अनुगमन गरिनेछ ।

५८. गाउँपालिका भित्रका सडकहरूको सडक मापदण्ड तोकि जग्गा धनीहरुको सहमतिमा लगत कट्टा गरिनेछ ।

५९. गाउँपालिका भित्र केहि भागमा रिचार्ज पोखरीको निर्माण गरिनेछ । पानीको प्राकृतिक स्रोत नभएका पालिकाका बेसिहरूमा नजिकैको नदीबाट लिफ्टिङ गरी सिंचाई तथा पिउने पानीको व्यवस्था गरिनेछ ।

६०. अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ ।

६१. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन टोल विकास समिति तथा उपभोक्ता समितिलाई थप प्रभावकारी बनाइ टोल विकास समिति/उपभोक्ता समितिको माध्यमबाट विकास निमार्णका कार्य अगाडी बढाइने छ ।

६२. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा वडा स्तरीय श्रोतसाधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।

६३. खरिद गरि वितरण गरिने प्रकृतिका आयोजना संचालन गर्दा अनिवार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ, साथै यस्ता प्रकृतिका योजना संचालन उपभोक्ता समिति मार्फत गरिने छैन ।

६४. विपद् जोखिम न्युनीकरणको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । पालिका गोदामघरमा विपद् उद्धार एवम राहत सामग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ ।

६५. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण सम्वन्धी तालिम तथा औजारको व्यवस्था गरिनेछ ।

६६. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवंम् प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम खरिद प्रकृयालाई एकद्धार प्रणाली अपनाइ सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ ।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**शिक्षा शाखा**

६७. कम्प्युटर साइन्स लगायतको ल्याबको स्थापना गर्दै सबै सामुदायिक विद्यालयका कक्षा कोठा र पठनपाठनलाई डिजिटलाइजेसन गराइने छ ।

६८. विद्यार्थी संख्या कम हुने सामुदायिक विद्यालयलाई भूगोल र विद्यार्थी संख्याको आधारमा मर्ज गरिने नीति लिइनेछ

६९. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको छनौट गर्न कार्यविधि निर्माण गरी अगाडी बढाइने छ ।

७०. विद्यार्थी शिक्षक अनुपातका आधारमा गाउँपालिकाले शिक्षक अनुदान कोटा बाल कक्षा नभएका विद्यालयमा विद्याथी संख्या हेरी थप बाल कक्षाको व्यवस्था गरिनेछ ।

७१. शिक्षकको प्रधानाध्यापकसँग र प्रधानाध्यापकको गाउँपालिकासँग कार्यसम्पादन करार सम्झैता गरिनेछ ।

७२. स्थानीय पाठयक्रमका आधारमा पाठयपुस्तक छपाइ गरी पठन पाठनको व्यवस्था मिलाइने छ ।

७३. प्राविधिक तथा व्यवसाय शिक्षालाइ जोड दिदै प्रोत्सान स्वरुप स्नातक प्राविधिक अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राविधिक स्नातक छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

७४. गाउँपालिकाका आधारभुत तथा माध्यमिक विद्यालयमा स्काउट साथै योगसाधनालाई व्यवस्थित गरिनेछ ।

७५. शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुका लागि विभिन्न परिवर्तित पाठ्यक्रम प्रविधिकरण र कम्प्युटर तथा सुचना प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

७६. गाउँपालिकामा धेरै जनसंख्या थामी जातीको भएकोले स्थानीय भाषा अन्तर्गत थामी भाषाको पाठयपुस्तक छपाई गरी पठन पाठन गरिनेछ ।

७७. कक्षा ८ को पालिका स्तरीय परीक्षा लिने प्रणालीलाई निरन्तरता दिइनेछ ।

७८. बालविकास शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगिलाइ प्रोत्साहन स्वरुप आवश्यक रकम थप गरी न्युनतम मासिक तलव रु १५००० बनाइएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।

७९. बालमैत्री स्थानिय गाउँपालिका घोषणा भैसकेको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वडामा अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

८०. संस्कृत भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी पठनपाठन गरिनेछ ।

८१. आमा र बुबा दुबै नभएका बालबालिकाहरुलाई उपलब्ध गराइदै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८२. गाउँपालिकामा वर्षको एकपटक पालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

८३. राष्ट्रीय तथा अन्तराष्ट्रीय प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई प्रोत्साहन स्वरुप पुरष्कृत गरिनेछ ।

८४. विभिन्न खेलकुदका उत्कृष्ट खेलाडीहरुलाई निशुल्क प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

८५. पालिका अनुदानमा रहेको दरबन्दी रिक्त भएमा (मा.वि. बाहेक) पुन विज्ञापन नगरिनुका साथै अनुदान दरबन्दिमा रहेका शिक्षकहरुलाई मंहगी भत्ता प्रदान गरिनेछैन।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## स्वास्थ्य शाखा

८६. अन्तर पालिका साझेदारीमा १५ शैयाको सिंगटी अस्पताललाई अत्याधुनिक सेवा सुविधा सम्पन्न अस्पतालका रुपमा विकास गरिनेछ।

८७. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई सबै नागरिकको सर्बसुलभ पहुँचको अनुभति हुने गरि संचालन गरिनेछ।

८८. गर्भवती जांच सेवा,सुत्केरी सेवा तथा प्रसुती सेवालाई अझ व्यापक तथा परिष्कृत गर्दै हुन् सक्ने जोखिम न्यूनीकरण गरिनेछ।

८९. पालिकाभित्रका दिर्घरोगि, नसर्ने रोग भएका तथा मानसिक समस्या भएका नागरिकहरुको पहिचान गरिनेछ।

९०. आधारभूत स्वास्थ्य सेवा र आकस्मिक सेवा तथा विभिन्न सर्ने तथा नसर्ने रोग एवं मानसिक स्वास्थ्य सम्बन्धि सेवाको आबश्यक औषधि निरन्तर आपूर्ति गरिनेछ।

९१. ७० बर्ष माथिका जेष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका नागरिकहरुको स्वास्थ्य जांच गर्न हरेक ३ महिनामा घरदैलो अभियान संचालन गरिनेछ साथै स्वास्थ्य चौकी र अस्पतालमा ३० बर्ष उमेर माथिका कालिन्चोक गाउँपालिकाका जनताहरुलाई नसर्ने रोग सम्बन्धि साप्ताहिक नियमित स्वास्थ्य परिक्षण सेवा प्रदान गर्ने ।

९२. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

९३. स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिनेछ।

९४. स्वास्थ्य सुचना ब्यबस्थापन प्रणाली (HMIS) र आपूर्ति ब्यबस्थापन सुचना प्रणाली (LMIS) लाई चुस्त दुरुस्त बनाईनेछ।

९५. सिंगटी प्राथमिक अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम संचालनमा गर्नुको साथै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ।

९६. सिंगटी प्राथमिक अस्पतालमा संचालित प्रयोगशाला सेवा तथा एक्सरे सेवालाई स्तरोन्नति गर्दै लगिनेछ।

९७. स्त्री रोग तथा बिभीन्न बिशेषज्ञ सहितको स्वास्थ्य शिबिर संचालन गरिनेछ।

९८. नवजात शिशु, गर्भवती तथा सुत्केरी महिलाको हितका लागि पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

९९. सुत्केरी घर भेट कार्यक्रम संचालन गरिनेछ।

१००.ग्रामिण अल्ट्रासाउन सेवा कार्यक्रम सञ्चालन गरि गर्भवती महिलाहरुलाई प्रत्येक महिना भिडियो एक्सरे र ल्याब सेवा संचालन तथा जोखिम हुनबाट समयैमा व्यवस्थापन गरिनेछ।

१०१.महामारी तथा प्रकोपजन्य रोगको न्यूनीकरण तथा ब्यबस्थापन गरिनेछ।

१०२.स्वास्थ्य संस्थाहरुको पूर्वाधार मर्मत तथा निर्माण गर्दै लगिनेछ।

१०३. स्वास्थ्य सेवा उपलब्ध गराउन आबश्यक पर्ने जनशक्ति ब्यबस्थापन गरिनेछ।

१०४. आयुर्वेद स्वास्थ्य सेवालाई बिद्यालय स्तर तथा घुम्ति सेवा शिविर सञ्चालन गरि नागरिकको सेवामा पहुँच पुर्याईनेछ।

१०५. स्वास्थ्यकर्मीहरुको समयानुकुल सिप बिकाश र क्षमता अभिवृद्धि गरिनेछ।

१०६. गाउँपालिकाका ७५ वर्ष माथिका जेष्ठ नागरिक, सुत्केरी, क वर्गका अपाङका लागि निशुल्क एम्बुलेन्स सेवामा उपल्ध गराइने छ।

१०७.लापिलाङमा रहेको लापिलाङ आयुर्वेद औषधालयलाई व्यवस्थित गरी हरेक विद्यालयमा आहार विहारको बारेमा प्रशिक्षण कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

१०८. विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचालन गरिने छ। स्वास्थ्य संस्थालाई निशुल्क औषधीको व्यवस्था गरिनेछ। वृद र दिर्घ रोगीहरुको स्वास्थ्य परीक्षण गरी औंषधी वितरण गरिनेछ।

१०९. प्रत्येक स्वास्थ्य चौकीमा चौविस घण्टे प्रसुति सेवा सञ्चालन गर्न आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ।

११०. अन्तर पालिका साझेदारीमा शव वाहन, दमकल खरीद तथा व्यवस्थापन गर्न आवश्यक देखिएको हुँदा सरोकारवाला निकायसँग समन्वयको लागि पहल गरिनेछ।

१११. दिर्घ रोगीहरुलाई दिदै आइरहेको आर्थिक सहायतालाई निरन्तरता दिदै लगिने छ।

११२.योग तथा आर्युवेदिक औषधिकोलागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**न्यायिक/महिला तथा बालबालिका**

११३.पालिकामा सूचिकृत भएका मेलमिलापकर्ताहरुको सक्रियताका आधारमा पुरस्कारको व्यवस्था गरिनेछ।

११४.न्याय निरुपणलाई व्यवस्थित गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११५.न्याय क्षेत्रका सूचनालाई व्यापक र सर्वसाधारणको पहुँचमा पुऱ्याउनका लागि वडाका विभिन्न स्थानमा होडिङ्ग वोर्ड राखिने व्यवस्था गरिनेछ।

११६. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको निति अवलम्बन गरिने छ। कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार लगाएतका लैंगिक हिंसाबाट पिडित तथा प्रभावितहरुको लागि उदार राहत मनसामाजिक परामर्श सेवा र पुनस्थापना लगायतका सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिने छ।

११७. यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ।

११८. महिलाहरुको सीप विकास र आय आर्जन, क्षमता विकास तथा आयआर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ।

११९. लक्षित वर्ग महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१२०.सामाजिक कुरितीको रुपमा रहेको वालविवाह, वहुविवाह, अनमेल विवाह, रुढीवादी परम्परा, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

१२१.कानुन बमोजिम औषधिजन्य गाँजालगायतका जडीबटीको उत्पादन, प्रशोधन, भण्डारण र निकासीमा विशेष जोड दिईनेछ।

१२२.गाउँपालिकाभित्रका सबै कार्यालयबाट सञ्चालन हुने सेवालाई चुस्त, दुरुस्त, द्रुत, सरलीकृत गर्दै लगिनेछ।

१२३.अपाङ्ग तथा जेष्ठ नागरिक कार्ड वितरण शिविर संचालन गरिनेछ।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनभानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## पञ्जिकरण शाखा

१२४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरू गरिने नीति ल्याइनेछ ।

१२५. अनलाईन घटनादर्ता प्रक्रियालाई व्यवस्थित गर्न पञ्जिकरण शाखामा कार्यरत कर्मचारी तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१२६. सामाजिक सुरक्षा भत्ता वितरण शिविर सञ्चालन गरिनेछ ।साथै सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित बनाउनको लागि दर्ता शिविर सञ्चालनलाई निरन्तरता दिँदै बैंकिङ्ग प्रणालीबाट भुक्तानी हुने व्यवस्था मिलाईनेछ ।

१२७. सामाजिको सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुको बायोमेट्रिक अनिवार्य भएकोले आवश्यक डिभाइस खरिद गरिनेछ ।

## प्रशासन शाखा

१२८. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ।

१२९. गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शीता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधिहरु, निर्देशिकाहरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३०. जनप्रतिनिधि तथा कर्मचारीहरूको आचारसंहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउन क्षमता वृद्धि तालिम सञ्चालन गरिनेछ ।

१३१. स्थानीय सेवालाई प्रभावकारी बनाउन दरबन्दी यकिन गरी संगठनात्मक संरचना अद्यावधिक गरिने छ।

१३२. सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गुनासो अधिकारी तोकी गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ ।

१३३. कर्मचारीहरको क्षमता विकासका लागि तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

१३४. कालिञ्चोक गाउँपालिकालाई भ्रष्टचारमा शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ ।

१३५. कार्य दक्षता, नियमीतता, जवाफदेहिताका आधारमा कर्मचारीलाइ पुरस्कार तथा दण्डको व्यवस्था गर्न कार्य सम्पादनमा आधारित कर्मचारीहरुको प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

१३६. प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी जवाफदेहितालाई प्राथमिकता दिइने छ।

१३७. प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी छनोट गरी पुरस्कृत गरिने छ।

१३८. गाउँपालिकाको प्रवाह गर्ने सेवालाई सेवाग्राहिमैत्री र प्रविधिमैत्री बनाइने छ।

१३९. कार्यालयका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिने छ एवम् कर्माचारी कल्याण कोषमा आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१४०. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा डिजिटल हाजिरिलाई अनिवार्य गरिनेछ ।

१४१. घर दैलोमा सेवा प्रवाह गर्न र असारे विकासलाई दुरुत्साहन गर्न विकास शिविरलाइ निरन्तरता दिइनेछ ।

कालिञ्चोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुनखानी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**राजस्व**

१४२.राजस्व प्रक्षेपण तथा राजस्वको बिस्तृत अध्ययन गरी राजस्व सुधार योजना निर्माण गरिने छ।

१४३."गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गामा गाउँपालिकाले वा व्यक्ति स्वयंले गाउँपालिकाको स्वीकृत लिई अस्थाई संरचना बनाई उपभोग गर्न दिइएको खण्डमा वहाल विरौटी कर असुल गरिनेछ।

१४४.व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम सञ्चालन गर्नुका साथै राजस्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरुबाटै व्यवस्थित कर, शुल्क तथा दस्तुर असुल गर्ने व्यवस्था गरिनेछ।

**विविध**

१४५.नवीन पर्यटकीय गन्तव्यहरूको गुरुयोजना तयार गरी पर्यटकीय पूर्वाधारहरूको निर्माणमा जोड दिइनेछ।

१४६. कालिन्चोक मन्दिर क्षेत्रको पर्यटन विकासका निम्ति संघिय र प्रदेश सरकारसँग बिशेष पहल गरिनेछ।

१४७. कालिन्चोक मन्दिरलाई विश्वको अग्लो स्थानमा रहेको हिन्दु देवी मन्दिरको रुपमा प्रचार प्रसार गरी विश्व सम्पदा सुचिमा राख्न पहल गरिने छ।

१४८. कुरी बजारलाई व्यवस्थित गरी भूमि संरक्षण नीति अवलम्वन गरी करको दायरामा ल्याइ आयआर्जन बढाई सम्बन्धित क्षेत्रको पर्यटन प्रर्वद्धनमा लगानी गरिनेछ।

१४९.प्रतिफल दरको आधारमा आयोजनाको प्राथमिकीकरण गर्दै सार्वजनिक खर्चमा गणुस्तर अभिवृद्धि गरिनेछ।

१५०. आयोजना बैंक सूचना प्रणाली र मध्यमकालीन खर्च संरचना सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

१५१. सामुदायिक वन क्षेत्रमा वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अन्न बाली प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१५२.यस पालिका भित्र रहेका कला संस्कृति, मौलिकता, जगेर्ना गर्नको लागि कार्यदल निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५३.कालिञ्चोक भगवती लगायत यस पालिकामा रहेका धार्मिक, साँस्कृतिक, पर्यटकिय क्षेत्रको पहिचान गरी एक वडा एक नमूना स्थलको खोजी गरी आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।

१५४. धार्मिक स्थल, पाटी, प्रतिक्षालय, सामुदायिक भवन जस्ता सार्वजनिक स्थलहरु व्यक्तिको नाममा रहेको जग्गामा भएको भए त्यस्ता संरचनाहरुलाई सार्वजनिक गरिनेछ।

१५५. **हाम्रै उत्पादन हाम्रै खपत** भन्ने नारालाई जोड दिदै हाम्रै क्षेत्रमा भएको खपतलाई अनुदानमा प्राथमिकता दिइनेछ।

१५६.संस्कृत भाषा तथा गुरुकुल पढ्न चाहनेहरुलाई प्रोत्साहन गरिनेछ।

१५७.मानसिक स्वास्थ्य तथा खुसि प्रवर्द्धनको लागि मनोविमर्सदाताद्वारा अभिमुखिकरण कार्यक्रमको व्यवस्था गरिनेछ।

१५८.विपद् व्यवस्थापनको लागि युवाहरुलाई तालिमको व्यवस्थापन गरिनेछ।

१५९.भाषा, कला र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

१६०. सरकारी निकायको अनुदानबाट व्यक्तिको जग्गामा बनेका सार्वजनिक संरचनाहरुको जग्गा सम्बन्धित जग्गा धनीले सम्बन्धित संस्थाको नाममा पास गरिदिनु पर्ने सो नगरेमा उक्त सार्वजनिक संरचनाको मूल्य सम्बन्धित जग्गा धनीले अनुदान दिने निकायलाई फिर्ता गराउने नीति लिएको छ।

१६१. कालिञ्चोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०८२/८३ को लागि तय गरिएका नीति तथा कार्यक्रम अनुरुप सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन, सार्वजनिक पारदर्शिता कायम गर्न जिम्मेवार पदाधिकारी, राजनीतिक दल, गाउँवासी र राष्ट्रसेवक कर्मचारीलाई हार्दिक अनुरोध गर्दछु।

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

अर्जुन प्रसाद शिवाकोटी

अध्यक्ष